# उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०५/१६)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
हेटौंडा, मकवानपुर,

# उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना :** पोषण सुरक्षामा मुख्य भुमिका निर्वाह गर्ने तरकारी बालीले नेपालको कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा ठुलो हिस्सा योगदान गर्ने गर्दछ । कृषि क्षेत्रको व्यवसायिकरण साथै औधोगिकिकरण तर्फ उन्मुख तरकारी वाली वाट छिटो आय आर्जन भई गरिबी न्यूनिकरणमा मद्दत पुर्याउने प्रमुख कृषि वाली हो । नेपालमा करिब २ लाख ८० हजार हेक्टर क्षेत्रफलमा तरकारी खेती हुने गरेको छ । बागमती प्रदेशमा ४८ हजार हेक्टर क्षेत्रफलमा तरकारी खेती हुने गरेको छ । शहरी क्षेत्रहरुमा बढदो जनसँख्या सगै वढेको ताजा तरकारीको बढ्दो माग पुरा गर्न व्यवसायिक तरकारी खेती बढ्दै गएको छ । तरकारी बालीको उत्पादन बढाउन यसको उत्पादकत्व बढाउनु नितान्त आवश्यक छ र यसका लागि आधुनिक प्रविधिहरु अपनाउन जरुरी देखिएको छ । संरक्षित संरचनामा तरकारी खेती गरि मनग्गे आम्दानी गर्दै खुल्ला संरचनामा भन्दा अधिक उत्पादन लिने चलन हालका वर्षहरुमा बढ्दो क्रममा छ । प्रतिकूल मौसममा उत्पादन, शत्रुजीवहरुबाट संरक्षण गरि विषादीको उपयोगमा कमी, मल तथा पानीको नियन्त्रित प्रयोग गरि अधित्तम उपयोग, गर्न सकिने संरक्षित संरचनाहरुमा तरकारी खेती गर्दा उल्लेखनीयरुपमा तरकारी बालीको उत्पादकत्व बढाउन सकिने कुरा प्रमाणित भईसकेको छ । त्यसैले यस्तो प्रविधि प्रवर्द्धनका लागि कृषकहरुलाई प्रोत्साहन गर्न तथा प्रदेशको वागवानी क्षेत्रलाइ आधुनिक प्रविधिमा परिणत गर्नका लागि उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकोले प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति" भन्नाले सुक्ष्म सिंचाइ पूर्वाधार सहितको संरक्षित संरचना (नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउस, जि आइ पाइप वा फलामको पाईपको प्लाष्टिक टनेल) मा प्लाष्टिक मल्चीङ (छापो) प्रयोग गरी उच्च मुल्य जाने तरकारीबालीको उत्पादन तथा व्यवस्थापन गरि खेति गरिने कार्यलाई सम्झनु पर्छ ।



Scanned with CamScanner

(ख) "उच्च मुल्य जाने तरकारी बाली" भन्नाले बजारमा उच्च माग भई उच्च मूल्यमा विक्री वितरण हुने तरकारी बालीहरु जस्तै: गोलभेंडा, भेंडे खुर्सानी (रँगिन तथा हरियो), काँक्रो, भण्टा, सिमि, भिन्डी, लगायतका तरकारीलाई सम्झनु पर्छ ।

(ग) "एग्रिनेट हाउस" भन्नाले फ्ल्याट टप भइ ३० देखि ४० Mesh को टप एग्रिनेट, एलमुनियम शेड नेट तथा क्रिष्टल नेटको आवरण र Galvanized iron बाट निर्मित घरलाई सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका जिल्लास्थित कार्यालय सम्झनु पर्छ ।

(ङ) "आपुर्तिकर्ता" भन्नाले साझेदारले संरक्षित संरचना निर्माणको लागि छनौट गरेको सप्लायर्स सम्झनु पर्छ ।

(च) "कृषि सहकारी" भन्नाले सहकारी ऐन अनुसार दर्ता भएका कृषि सहकारी वा कृषि क्षेत्रमा कार्य गर्ने गरी दर्ता भएका सहकारीलाई सम्झनु पर्छ ।

(छ) "निर्देशनालय" भन्नाले बागमती प्रदेशको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज) "निजी कृषि कम्पनी /कृषि फार्म" भन्नाले प्रचलित कानून बमोजीम कृषि व्यवसाय गर्ने उद्देश्य सहित दर्ता भएको निजी कृषि कम्पनी /कृषि फार्म सम्झनु पर्छ ।

(झ) "नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस" भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त व्यवस्था नभइ टप तथा साइड भेण्टिलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको पराबैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene Film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्छ ।

(ञ) "प्लाष्टिक टनेल घर" भन्नाले जि आइ पाइप वा फलाम पाईपमा UV प्लाष्टिक साथै ईन्सेक्ट नेट प्रयोग गरी बनाइएको घर वा टनेललाई सम्झनु पर्छ ।

(ट) "प्रस्ताव" भन्नाले उच्च मुल्य जाने ताजा तरकारी उत्पादनका लागि उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति गर्नका लागि साक्षेदारी गर्न पेश गरेको आवेदन विवरण सम्झनु पर्छ ।

(ठ) "प्राविधिक तथा मूल्याङ्कन समिति" भन्नाले परिच्छेद २ को दफा ७ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ढ) "साझेदारी रकम" भन्नाले यस कार्यक्रम बमोजिम पूर्वाधार निर्माणका लागि सहयोग उपलब्ध गराइने नगद रकम सम्झनु पर्छ ।

(ण) "साझेदार" भन्नाले व्यवसायिक रुपमा उच्च मूल्य जाने तरकारी बाली व्यवसाय संचालन गर्नका लागि यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म तथा निजी कृषि कम्पनी सम्झनु पर्छ ।



Scanned with CamScanner

(त) "संरक्षित संरचना" भन्नाले सुक्ष्म सिंचाई पूर्वाधार सहितको नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउस, जि आइ पाइप वा फलाम पाईपको प्लाष्टिक टनेललाई सम्झनुपर्दछ ।

३. <u>कार्यविधिको उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उच्च प्रविधिको प्रयोगबाट उच्च मुल्य जाने तरकारी बालीको उत्पादकत्व दोव्वर वृद्धि गर्ने,

(ख) बिषादी रहित तरकारी उत्पादनमा मद्दत गरि तरकारी गुणस्तरमा वृद्धि गर्ने,

(ग) समुह, सहकारी तथा निजी क्षेत्रलाई आकर्षित गर्ने गरी लगानीको वातावरण सृजना गर्ने,

(घ) शिक्षित र उत्साहित युवाहरुलाइ कृषि पेशामा आकर्षित गरि रोजगारी सृजना गर्ने ।

## परिच्छेद -२

## <u>कार्यक्रम संचालन</u>

४. <u>कार्यविधि लागू हुने क्षेत्र</u>: (१) यो कार्यविधि बागमती प्रदेशमा लागु हुनेछ । तर यस कार्यविधिलाई आधारमानी सूचना प्रवाह गर्दा सूचनामा जुन जुन जिल्लाहरु उल्लेख भइ प्रस्ताव आव्हान हुन्छ यो कार्यविधि तिनै जिल्लाहरुमा लागु भएको मानिनेछ ।

५. <u>सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने</u>: (१) यस कार्यविधि अनुरुप सम्भाव्य र आवश्यक जिल्लाहरुमा उच्च मूल्य जाने तरकारी बालीको उत्पादनका लागि संरक्षित संरचना निर्माण कार्यमा सहयोग पुर्याउन साझेदारी गर्ने उद्देश्यले सम्बन्धित कार्यालयले कम्तीमा ३० दिनको म्याद दिइ राष्ट्रिय पत्रिका वा सम्बन्धित जिल्लाका स्थानीय पत्रिकाको साथै रेडियो, एफ.एम. तथा अनलाई पत्रपत्रिका मार्फत अनुसूची - १ अनुसारको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए अनुरुप आवेदकले दफा ६ बमोजिमका सबै कागजात संलग्न गरी अनुसूची - २ बमोजिमको आवेदन र अनुसूची-३ बमोजिमको प्रस्ताव सम्बन्धित कार्यालयमा प्रस्ताव पेश गर्न वा दर्ता गर्न सक्नेछन् । तर, आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सक्नेछन ।

६. <u>आवेदन दिन आवश्यक योग्यता</u> : (१) यस कार्यविधि अनुरुपको कार्यका लागि निम्न अनुसारको योग्यता पुगेका आवेदकहरुले अनुसूची - २ अनुसार आवेदन दिन सक्नेछन् ।

(क) आवेदक संस्था कानून बमोजिम दर्ता भई संस्था प्रमाण र स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ,

(ख) सम्भव भएसम्म आवेदकले सम्बन्धित स्थानिय तहको सिफारिस पेश गरेको हुनु पर्नेछ,

(ग) आवेदकको आफ्नै स्वामित्वमा प्रस्तावित पूर्वाधार निर्माण गर्नका लागि पर्याप्त जमिन भएको वा कम्तीमा १० वर्षको लागि पर्याप्त जमिन लिजमा लिएको हुनुपर्नेछ ।



Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वागमती प्रदेश
हेटौंडा, मकवानपुर नेपाल

(घ) संरक्षित संरचनामा साझेदारीका लागि लागत अंश व्यहोर्न सक्ने क्षमता भएको हुनु पर्नेछ र सो को प्रमाण स्वरुप आवेदकको प्रतिबद्धता पत्रमा पेश गर्नुपर्नेछ,

(ङ) प्रस्तावित जमिनमा सडक, सिंचाइ, बिजुलीका सुविधाहरुको अवस्था बारे विवरण पेश गर्नु पर्दछ, साथै संरचना निर्माण गर्ने प्रस्तावित स्थल (जमीन) को रंगिन फोटो पेश गर्नु पर्नेछ ।

७. <u>प्राविधिक तथा मूल्याङ्कन समितिको गठन व्यवस्था</u> : (१) अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको छनौट र सो सम्बन्धी अन्य व्यवस्थाका लागि देहाय बमोजिमको एक प्राविधिक तथा मूल्याङ्कन समिति गठन गरिने छ ।

- कार्यक्रम संचालन गर्ने कार्यालयको प्रमुख वा निजले तोकेको व्यक्ति -संयोजक
- लेखा प्रमुख -सदस्य
- वागवानी विकास अधिकृत वा कार्यालय प्रमुखले तोकेको संम्वन्धित प्राविधिक -सदस्य
- कानून अधिकृत (सम्भव भएसम्म) -सदस्य
- कार्यालयको खरिद ईकाइ प्रमुख - सदस्य सचिव

८. <u>प्रस्ताव छनौट र स्विकृत</u> : (१) कार्यविधि अनुरुप प्राप्त प्रस्तावहरुको दर्ता अनुसार दर्ता नंवर सम्वन्धित ज्ञान केन्द्रले प्रदान गर्नेछ ।

(२) प्रस्ताव प्राप्त गरेको १ हप्ता भित्र प्राविधिक तथा मूल्याङ्कन समिति वा कार्यालय प्रमुखले तोकेको प्राविधिक टोलीले प्रस्तावको स्थलगत निरीक्षण गर्नेछ ।

(३) स्थलगत निरिक्षणको क्रममा प्रस्ताव कार्यान्वयनको लागि उपयूक्त भएको अवस्थामा साझेदार स्विकृति वा अस्विकृतिका लागि प्राविधिक तथा मूल्याङ्कन समितिमा पेश गर्नेछ । आवश्यकता अनुसार प्राविधिक तथा मूल्याङ्कन समितिले प्रस्तावको किसिम (समुह, सहकारी, नीजि), बजारको उपलब्धता तथा सुनिश्चितता, साझेदारीता, उपयुक्तता आदि मूल्याङ्कनका आधारहरु बनाउन सक्नेछ ।

(४) छनौट भएको प्रस्तावलाई प्राविधिक तथा मूल्याङ्कन समितिले साझेदारले निर्माण गर्न खोजेको संरक्षित संरचना, क्षेत्रफल तथा अधिकतम साझेदारी रकम खुलाई कार्यालय प्रमुख समक्ष ७ दिन भित्र अन्तिम छनौटको लागि पेश गर्नेछ।

(५) प्रस्ताव स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ ।



Scanned with CamScanner

(६) कार्यालयले अनुसूची- ४ अनुसारको प्रतिबद्धता लिई थप वार्ता गरी अनुसुची - ५ बमोजिमको सम्झौता गरी कार्यदिश दिनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

## परिच्छेद - ३

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

९. अनुदान रकमः (१) संरक्षित संरचना निर्माण गरी उच्च मुल्यका तरकारी तथा तरकारी बेर्ना उत्पादन गर्नका लागि छनौट भएका साझेदारका लागि संरचनाको न्यूनतम क्षेत्रफल १ रोपनी हुनुपर्नेछ ।

(२) साझेदारहरुलाई कार्यालयको तर्फवाट संरचना निर्माणको साझेदार रकम तालिकामा उल्लेख भए अनुसार प्रति रोपनि अधिकतम रकम वा संरचना निर्माण रकमको अधिकतम ५० प्रतिशत मध्ये न्यून रकम हुनेछ ।

| विवरण* | कार्यालयले उपलब्ध गराउने अधिकतम साझेदार रकम रु. प्रति रोपनी |
|---|---|
| जि आइ पाइपको प्लाष्टिक घर(टनेल) | ३,३५,०००।०० |
| फलामको पाईपको प्लाष्टिक घर(टनेल) | २,६८,०००।०० |
| एग्रि नेट हाउस (नेट हाउस) | ३,३५,०००।०० |
| नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस (पोलिहाउस) | १०,२६,०००।०० |

* निर्माण हुने हरेक प्लाष्टिक घर नेट हाउस तथा ग्रिनहाउसले अनिवार्य रुपमा सुक्ष्म सिंचाइ, प्लाष्टिक मल्च तथा इन्सेक्ट नेट प्रयोग गर्नु पर्नेछ ।

१०. संरक्षित संरचनाको डिजाईन ईस्टिमेटः संरचना निर्माण हुने क्षेत्रको भौगोलिक अवस्था र बालीको आधारमा उपयुक्त डिजाइन तथा लागत तयार गरी पेश गर्नुपर्नेछ, तर निर्देशनालयले नमुनाको लागि विभिन्न साईजको डिजाईन तयार गरी उपलब्ध गराउने छ ।

११. कन्टिन्जेन्सी रकमः अनुदान प्राप्त हुने रकमको अधिकतम २% (दुई प्रतिशत) रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन तथा अनुदानग्राहीलाई तालिम तथा अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

१२. साझेदार रकम प्रवाह विधि : (१) साझेदारले आर्थिक ऐन, कार्यविधि र सार्वजनिक खरिद नियम अनुसार निर्माण वा खरिद कार्य गर्नुपर्नेछ ।



Scanned with CamScanner

(२) निर्माण तथा खरिद कार्य सकिएपछि बिल, स्वीकृत कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्रतिवेदनको आधारमा साझेदारलाई बढीमा २ किस्तामा कार्यालयले साझेदारको बैक खातामा रकम भुक्तानी गरिनेछ ।

(३) अन्तिम भुक्तानीको बखतमा आपुर्तिकर्ताले कम्तीमा २ वर्षसम्म मर्मत संभार र प्राविधिक सेवा प्रदान गर्ने प्रतिबद्धता पत्र समेत साझेदारले पेश गर्नु पर्नेछ । यसरी नगरेमा आपुर्तिकर्तालाई कालो सुचिमा राख्न कार्यालयले सिफारिस गर्न सक्नेछ ।

१३. <u>साझेदारले पालना गर्नुपर्ने अन्य कुरा</u> : (१) अनुदानग्राहीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादिको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२) कार्य संचालनका क्रममा मन्त्रालय, निर्देशनालय लगायत जिल्ला स्थित कार्यालयहरुबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(३) मन्त्रालय वा निर्देशनालयले जुनसुकै बखत अनुदानग्राहीको निर्माणको हिसाब हेर्न सक्नेछ । हिसाब देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ ।

(४) साझेदारले कम्तीमा ५ बर्ष अविछिन्न रुपमा प्रस्तावित व्यवसाय संचालन गर्नुपर्ने छ ।

(५) काबु भन्दा वाहिरको परिस्थिति वाहेक आपुर्तिकर्ताले २ वर्षसम्म मर्मत सम्भार गर्नुपर्नेछ ।

(६) सम्भव भएसम्म साझेदारले बाली बिमा गराउनु पर्नेछ ।

## परिच्छेद - ४

## <u>अनुगमन</u>

१४. <u>अनुगमन व्यवस्था</u> : (१) संरक्षित संरचना निर्माण गरी उच्च मुल्य जाने तरकारी उत्पादन कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय, कार्यक्रम संचालन गर्ने कार्यालय र प्राविधिक तथा मूल्याङ्कन समितिले आवश्यकता अनुसार गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ । अनुगमन गर्दा दिइएको लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद - ५

## <u>विविध</u>



Scanned with CamScanner

१५. <u>कारवाहीको व्यवस्था</u> : (१) सम्झौता अनुरुप काम नगर्ने साझेदारलाई कार्यालयले अनुदान रोक्का राख्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम साझेदार रकमको दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम बमोजिम कारवाही गरी प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१६. यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१७. मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।



Scanned with CamScanner

## अनुसूची-१

### (दफा ५ (१) सँग सम्बन्धीत)

### उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेतिका लागि प्रस्ताव आव्हानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस कार्यालय.............को आर्थिक वर्ष ................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति गर्न संरक्षित संरचना निर्माणका लागि साझेदारी गर्ने कार्यक्रम रहेको हुँदा .................................... जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित कार्यालयमा **अनुसूची-२** अनुसारको कागजातहरु एवं **अनुसूची-३** अनुसार प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ । यस सम्बन्धी कार्यविधि वेवसाइट (सम्बन्धीत कार्यालयको वेवसाईट) मा राखिएको छ । थप जानकारीका लागि कार्यालयको फोन नं........... वा सम्बन्धित कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।



Scanned with CamScanner

| रु १० को टिकट |
|---|

# अनुसूची-२

(दफा ५ (२) सँग सम्बन्धीत)

## आवेदन फारम

श्रीमान् प्रमुख ज्यू,                                                                 मितिः

........................,

................, ................ ।

**विषयः** ..................................उत्पादनका लागि संरक्षित संरचना निर्माणको योजना सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा, तहाँ कार्यालयबाट संचालित उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेतिका लागि संरक्षित निर्माणका लागि साझेदारी कार्यक्रम अन्तर्गत (आवेदकको नाम तथा ठेगाना) ........................................ ले संचालन गर्ने ................................उत्पादनको योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु........................./-(अक्षेरेपी ...............................................................) को योजना तयार गरी आवश्यक अन्य काजगात सहित साझेदारीको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ कार्यालयबाट नियमानुसार उपलब्ध हुने साझेदारी रकम रु ......................../- (अक्षेरेपी.................................) बाहेकको अन्य रकम (आवेदकको नाम )............................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................../- (अक्षेरेपी...............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ कार्यालयबाट संचालित यस कार्यक्रममा छनौट हुन पाऊँ भनी अनुरोध छ । साथै तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरु**

१. रु. १० को टिकट सहित अनुसूची -२ अनुसारको निवेदन,
२. नेपाली नागरिकताको प्रतिलिपी,
३. दर्ताको प्रतिलिपी,
४. जमिनको लालपूर्जाको प्रतिलिपी (आवेदककै नाममा भए),
५. लिजमा लिएको जमिनको करार पत्र,
६. सम्बन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको हकमा स्थानीय तहको स्वीकृती वा सिफारीस पत्र,
७. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार,
८. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुलीको विवरण,
९. अनुसूची-३ अनुसारको योजना,
१०. अनुसूची-४ अनुसारको प्रतिबद्धता पत्र,
११. प्रस्तावित स्थल (जमीन) को फोटो वा अन्य केही भए ।

<u>निवेदक</u>

नामः

पदः

आवेदकको नामः

ठेगानाः

छापः



Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -३

### (दफा ५ (२) सँग सम्बन्धीत)

### प्रस्तावको ढाचाँ

**१. प्रस्तावित आयोजनाको सारांश**

| | |
|---|---|
| आयोजनाको नामः | |
| उच्च मूल्य जाने तरकारी बालीः | |
| निर्माण गर्न खोजेको ग्रिनहाउसको प्रकार (चिन्ह लगाउने)<br>(एकभन्दा बढी छनौट गर्न सक्ने) | नेचुरल्लि भेण्टिलेटेड ग्रिनहाउस ☐<br>एग्रिनेट हाउस ☐<br>जि आइ पाइपको प्लाष्टिक टनेल ☐<br>फलामको पाईपको प्लाष्टिक घर ☐ |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| बैंक खाता विवरणः | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता संचालकको नामः |
| आवेदकको परिचय तथा अनुभव | |
| प्रस्तावित व्यवसायको सार संक्षेप | |
| जम्मा लागत रु. | |
| साझेदार रकम माग रु. | |
| स्वलगानी रु. | |
| आयोजना संचालन स्थलः | जिल्लाः<br>म.न.पा./ उ.न.पा./ न.पा./ गा.पा. |



Scanned with CamScanner

| | |
|---|---|
| | वार्ड नं.<br>स्थानः |
| आयोजना संचालन गर्ने स्थल एक भन्दा वढी ठाउमा भए कति जग्गामा आयोजना सञ्चालन गर्ने (रोपनि)सो को विवरण | |
| वर्तमान क्रियाकलापहरु भएमा | •<br>•<br>• |
| प्रस्तावित आयोजनाको प्रमुख उद्देश्य | •<br>•<br>• |
| प्रस्तावित आयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु<br>•<br>•<br>•<br>• |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



Scanned with CamScanner

## अनुसूची -४

### (दफा ८ (६) सँग सम्बन्धीत)

### प्रतिबद्धता पत्र

यस कार्यालयको मिति २०७..../....../...... को सूचना अनुसार उच्च प्रविधियूक्त संरक्षित संरचनामा तरकारी खेति कार्यक्रम अन्तरगत तरकारी उत्पादन गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताको लागि योजना सहितको आवेदन पेश गरेको छु /छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्ष सम्म निरन्तरता दिनेछु/छौं । योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानून बमोजिम सहुँला /बुझाउँला । साथै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

इति सम्वत् २०७..../......../......गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

छाप :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

## अनुसुची ५

(दफा ८ (६) सँग सम्बन्धित)

### सम्झौता पत्र

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ........ साल ....... महिनाको ..... गतेका दिन (सम्बन्धीत कार्यालयको नाम तथा ठेगाना) ................................ (यसपछि प्रथम पक्ष भनिएको ) र (साझेदारको नाम तथा ठेगाना)..............................(यसपछि द्वितिय पक्ष भनिएको) बिच .......... (क्षेत्रफलमा) संरक्षित संरचना निर्माण गरी................... उत्पादन तथा बजारीकरण कार्यका लागि कुल रकमको ............. प्रतिशतले हुन आउने साझेदार रकम प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ । यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. यो सम्झौता, सम्झौता भएको मिति वाट लागू हुनेछ ।
२. सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ । साझेदारिको शुरु मितिः.................... र सम्पन्न हुने मितिः ........................................ हुनेछ ।
३. साझेदारले जम्मा................. वर्ग मि. को ....वटा (प्रत्येकको विवरण)..................... संरचना निर्माण गरि सकेपछि आयोजनाको कुल लागत रु .......................(अक्षेरेपी ..........................................मात्र) रहेको छ जस मध्ये कार्यालयले तालिकामा उल्लेख गरीए अनुसार २ प्रतिशत कन्टिन्जेन्सी रकम ................ कट्टी गरी कुल रु. ............................ (अक्षेरेपी ..................................मात्र) साझेदारी रकम उपलब्ध गराउनेछ ।
४. आयोजनाको लागत र क्रियाकलाप उल्लेख गरी ५x६ फिटको होर्डिङ्ग बोर्ड सबैले देख्ने स्थानमा निर्माण स्थलमा राख्नुपर्नेछ ।
५. यस सम्झौतामा उल्लेख भएका देखि अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यालय : | संस्थाः |
| छाप : | छाप : |

साक्षीः

१.
२



Scanned with CamScanner